# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन ३२ गते, २०८० साल (संख्या २४

## भाग ३

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

**विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८०**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम २ मा संशोधन**: विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२), (ख३) र (ख४) थपिएका छन्:-

"(ख१) "विद्युतीय (डिजिटल) माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यमबाट सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, तस्वीर, गीत, सङ्गीत, भिडियो, एनिमेशनको प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, श्रव्यदृश्यको उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने माध्यम सम्झनु पर्छ।

(ख२) "सञ्चार माध्यम" भन्नाले सरकारी, सामुदायिक वा निजी क्षेत्रबाट समाचार, सूचना, मनोरञ्जनात्मक कार्यक्रम तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन वा प्रसारण गर्ने विद्युतीय तथा छापा सञ्चार माध्यम सम्झनु पर्छ र सो शब्दले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इन्टरनेटमा आधारित सञ्चार माध्यमलाई समेत जनाउँछ।

(ख३) "सरकारी निकाय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, नेपाल सरकारका मन्त्रालय, सचिवालय, संवैधानिक निकाय, आयोग, प्रदेश प्रमुखको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका सङ्घीय सबै सरकारी कार्यालय सम्झनु पर्छ।

(ख४) "सामाजिक सञ्जाल" भन्नाले इन्टरनेटको माध्यमबाट एक आपसमा आबद्ध भई अन्तर्क्रिया गर्ने प्रयोजनका लागि खोलिएको विद्युतीय सञ्जाल सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४. **बोर्डको काम, कर्तव्य र अधिकार**: ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञापन वितरण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमको सूचीकरण र स्तर निर्धारण गर्ने,

(ख) प्रकाशन वा प्रसारण हुने विज्ञापन वा सूचनाको वर्गीकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विज्ञापन सम्बन्धी मापदण्ड तथा आचारसंहिता तयार गर्ने र सोको अनुगमन गर्ने,

(घ) चलचित्र घर तथा खेलकुद स्थल तथा अन्य कार्यक्रममा हुने विज्ञापनको अनुगमन तथा नियमन गर्ने,

(ङ) प्रदेश अनुगमन तथा नियमन समिति र स्थानीय तहसँग समन्वय गर्ने,

(च) विज्ञापन एजेन्सीको अनुगमन तथा नियमन गर्ने गराउने,

(छ) विज्ञापन बापतको रकम भुक्तानी प्रक्रिया पारदर्शी गर्ने गराउने,

(ज) बोर्डको चल वा अचल सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने र त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्ने।"

४. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः-

**"५. विज्ञापन सामग्रीको परीक्षणः** (१) बोर्डले सञ्चार माध्यमबाट प्रसारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्न देहायका आधारमा मापदण्ड तयार गर्नेछः-

(क) प्रसारण हुने विज्ञापन सामग्रीको प्रकृति र विषयवस्तु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विज्ञापन सामग्री प्रसारण गरिने समय र प्रसारण अवधि,

(ग) विज्ञापन सामग्रीमा रहेका श्रव्य, दृश्य वा श्रव्यदृश्य, खण्ड, वाक्यांश, अक्षर, अङ्क, चिन्ह, आकार वा सङ्केत,

(घ) बोर्डले उपयुक्त ठानेका अन्य आधार।

(२) उपनियम (१) बमोजिम तयार भएको मापदण्डको आधारमा बोर्डको अध्यक्ष वा निजले तोकेको अधिकृतले विज्ञापन सामग्री परीक्षण गर्नेछ।

(३) उपनियम (२) बमोजिम विज्ञापन सामग्री परीक्षण गर्न बोर्डले आवश्यकता अनुसार विज्ञको सेवा लिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम विज्ञापन सामग्री परीक्षण गर्दा लाग्ने परीक्षण शुल्क बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।"

**५. <u>मूल नियमावलीमा नियम ५क., ५ख. र ५ग. थपः</u>** मूल नियमावलीको नियम ५ पछि देहायका नियम ५क., ५ख. र ५ग. थपिएका छन्ः-

"**५क. <u>विज्ञापन तथा सूचनाको वर्गीकरणः</u>** (१) बोर्डले तत्काल वा निश्चित अवधिमा प्रकाशन तथा प्रसारण गर्ने विज्ञापन वा सूचनालाई देहायका आधारमा वर्गीकरण गर्नेछः-

(क) सार्वजनिक हितसँग सम्बन्धित विज्ञापन तथा सूचना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रवर्द्धनात्मक विज्ञापन तथा सूचना,

(ग) अन्य विज्ञापन तथा सूचना।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गरिएको विज्ञापन तथा सूचनालाई नियम ५ख. बमोजिम स्तर निर्धारण गरिएको सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण गरिनेछ।

(३) विज्ञापन वा सूचनाको लक्षित समूह अनुसार सङ्घ, प्रदेश वा स्थानीय तहमा क्रियाशील सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण हुन सक्नेछ। त्यसरी प्रकाशन तथा प्रसारण गर्दा स्थानीयस्तरमा प्रचलित राष्ट्र भाषाको समेत प्रयोग गर्न सकिनेछ।

**५ख. स्तर निर्धारणः** (१) बोर्डले सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनको लागि देहायका आधारमा सञ्चार माध्यमको स्तर निर्धारण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम गरिएको सञ्चार माध्यमको वर्गीकरण,

(ख) पत्रपत्रिकाको हकमा आकार, पृष्ठ सङ्ख्या, प्रकाशन तथा वितरण सङ्ख्या, भौगोलिक रुपमा वितरण र पहुँचको अवस्था,

(ग) प्रसारण संस्थाको हकमा प्रसारण पहुँच र दर्शकको सहभागिता,

(घ) डिजिटल माध्यमको हकमा पाठक तथा दर्शक सङ्ख्या।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम स्तर निर्धारण गरिएको सञ्चार माध्यमसँग बोर्डले सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनको लागि वार्षिक रुपमा प्रचलित कानून बमोजिम दररेट माग गर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै सञ्चार माध्यमले उपलब्ध गराएको दररेट अस्वभाविक रुपमा घटी वा बढी भएको देखिएमा बोर्डले त्यस्तो सञ्चार माध्यमसँग छलफल वा वार्ता गरी दररेट तय गर्न सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम कायम भएको विज्ञापन वा सूचनाको दररेट बोर्डले सार्वजनिक गर्नु पर्नेछ।

(५) उपनियम (२) बमोजिम बोर्डलाई दररेट उपलब्ध नगराउने वा उपनियम (३) बमोजिम कायम भएको दररेटमा कारोबार गर्न नचाहने सञ्चार माध्यमलाई सरकारी निकाय वा बोर्डले विज्ञापन उपलब्ध गराउने छैन।

५ग. **विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बोर्ड मार्फत गर्नु पर्नेः** (१) सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्दा ऐनको दफा ३२ बमोजिम बोर्ड मार्फत गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विज्ञापन वा सूचना, प्रकाशन तथा प्रसारण गर्नुपूर्व विज्ञापनदाताले सञ्चार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माध्यम छनौट गरी बोर्डको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञापन वा सूचनामा रहेको विषयवस्तु वा प्राविधिक पक्षको कारण त्यस्तो विज्ञापन वा सूचनाको उत्पादन, प्रकाशन तथा प्रसारण गर्नको लागि विज्ञापन एजेन्सीको सेवा लिन आवश्यक देखिएमा सरकारी निकायले खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही विज्ञापन एजेन्सीको सेवा लिन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको विज्ञापन एजेन्सीले सरकारी निकायको छनौट बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्न बोर्डको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(५) उपनियम (२) र (४) बमोजिम प्राप्त विज्ञापन वा सूचनालाई बोर्डले यथासम्भव छिटो प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउनु पर्नेछ।"

६. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः-

"६. **<u>लोक कल्याणकारी वा सार्वजनिक हित सम्बन्धी विज्ञापनको प्रकाशन, प्रसारण तथा वितरणः</u>** (१) नियम ५ग. मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकायले लोक कल्याणकारी वा सार्वजनिक हित सम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण तथा वितरण गर्नु परेमा त्यस्तो विज्ञापन तयार गरी बोर्डमा पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विज्ञापन बोर्डले देहायका आधारमा सञ्चार माध्यमलाई समानुपातिक रूपमा वितरण गर्नु वा गराउनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम गरिएको सञ्चार माध्यमको वर्गीकरण,

(ख) सञ्चार माध्यमको प्रकाशन सङ्ख्या र भौगोलिक रूपमा वितरणको अवस्था,

(ग) सम्बन्धित सञ्चार माध्यममा नागरिकहरूको पहुँच,

(घ) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चार माध्यम,

(ङ) लोक कल्याणकारी वा सार्वजनिक हित सम्बन्धी विज्ञापन प्रकाशन वा प्रसारणका लागि मन्त्रालयले समय समयमा तोकेका अन्य आधार।

(३) बोर्डले सम्बन्धित सञ्चार माध्यमसँग उपनियम (२) बमोजिमको आधारको पुष्ट्याइँ हुने कागजात वा प्रमाण माग गर्न सक्नेछ।"

७. **मूल नियमावलीमा नियम ६क. थपः** मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क. थपिएको छः-

**"६क. भुक्तानीः** (१) सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम भुक्तानी यस नियमको अधीनमा रही गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नु अघि ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनु पर्नेछ।"

८. **मूल नियमावलीमा परिच्छेद ३क. थप**: मूल नियमावलीको परिच्छेद-३ पछि देहायको परिच्छेद-३क. थपिएको छ :-

**"परिच्छेद-३क.**

**होर्डिङ्ग बोर्ड**

**९क. बोर्डले निर्धारण गरेको मापदण्डको आधारमा अनुमति दिने:** (१) स्थानीय तहले होर्डिङ्ग बोर्ड, सवारी साधन लगायत अन्य माध्यमबाट विज्ञापन गर्न बोर्डले निर्धारण गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विधि तथा आकार, प्रकार र मापदण्ड बमोजिम स्थानीय कानून बमोजिमको शुल्क लिई अनुमति दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुमति दिँदा स्थानीय तहले त्यस्तो विज्ञापन गर्न उपयुक्त स्थान भए वा नभएको समेत पहिचान गर्नु पर्नेछ।

(३) होर्डिङ्ग बोर्ड, सवारी साधन लगायत अन्य माध्यममा कुनै व्यक्तिको फोटो राखी विज्ञापन गर्ने भएमा स्वदेशी कलाकार वा व्यक्तिको फोटो प्रयोग गर्नु पर्नेछ।

**९ख. <u>सवारी साधनमा गरिने विज्ञापनः</u>** (१) विज्ञापनदाताले सवारी साधनमा विज्ञापन गर्दा त्यस्तो सवारी साधन आबद्ध भएको समिति वा कम्पनीको प्रधान कार्यालय रहेको स्थानीय तह वा सवारी धनीको बसोबास भएको स्थानीय तहबाट अनुमति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अनुमति दिँदा सम्बन्धित स्थानीय तहले देहायको विषयलाई विचार गर्नु पर्नेछः-

(क) प्रचलित सवारी तथा यातायात सम्बन्धी कानूनले तोकेको मापदण्ड विपरीत नहुने सुनिश्चितता,

(ख) विज्ञापनको विषयवस्तुले सवारी साधनको पूरै सिसा ढाक्न नहुने कुराको सुनिश्चितता,

(ग) सवारी साधनको स्वरुपमा परिवर्तन नहुने विषय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बोर्डले निर्धारण गरेको मापदण्ड तथा अन्य शर्तहरु।

९ग. **बोर्डलाई जानकारी गराउनु पर्नेः** स्थानीय तहले यस नियम बमोजिम कसैलाई होर्डिङ्ग बोर्ड, सवारी साधन लगायत अन्य माध्यममा विज्ञापन राख्न अनुमति दिएमा सोको जानकारी बोर्डले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीको माध्यमबाट बोर्डलाई उपलब्ध गराउनु पर्नेछ।

९घ. **कल्याणकारी वा सार्वजनिक हितको सूचना राख्नु पर्नेः** (१) होर्डिङ्ग बोर्ड राख्न प्राप्त भएको अनुमतिको अवधि नसकिँदै होर्डिङ्ग बोर्डमा उल्लिखित विज्ञापन खाली भएमा होर्डिङ्ग बोर्ड राख्न अनुमति प्राप्त विज्ञापन एजेन्सीले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जारी गरेको लोक कल्याणकारी वा सार्वजनिक हित सम्बन्धी विज्ञापन वा सूचना राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लोक कल्याणकारी वा सार्वजनिक हित सम्बन्धी विज्ञापन वा सूचना प्रदर्शन गर्ने विज्ञापन एजेन्सीलाई स्थानीय तहले निश्चित अवधिका लागि स्थानीय कानून बमोजिमको सहुलियत प्रदान गर्न सक्नेछ।

(३) डिजिटल बोर्डमा विज्ञापन गर्दा कम्तीमा दश प्रतिशत विज्ञापन वा सूचना सार्वजनिक हितसँग सम्बन्धित हुनु पर्नेछ।"

९. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः-

"१०. **घर वा कार्यालयमा राखिने होर्डिङ्ग बोर्डः** (१) ऐनको दफा ४ को उपदफा (२) बमोजिम आफ्नो पेशा वा व्यवसाय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने घर वा कार्यालयको परिसरमा राखिने होर्डिङ्ग बोर्ड, सूचना वा परिचयपाटीको आकार र प्रकार बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम घर वा कार्यालयको परिसरमा राख्ने होर्डिङ्ग बोर्ड, सूचना वा परिचयपाटीमा विज्ञापन समेत राख्ने भएमा बोर्डले निर्धारण गरेको मापदण्डको अधीनमा रही स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्नेछ।"

**१०. <u>मूल नियमावलीमा नियम १०क. थप:</u>** मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छः-

"**१०क. <u>विद्युतीय (डिजिटल) माध्यम वा सामाजिक सञ्जालमा हुने विज्ञापनको नियमनः</u>** (१) बोर्डले विद्युतीय (डिजिटल) माध्यम वा सामाजिक सञ्जालमा हुने विज्ञापन तथा सूचनाको नियमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले नियमन गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) आधिकारिक च्यानल मार्फत विज्ञापन गरे वा नगरेको,

(ख) ऐन तथा यस नियमावली बमोजिम विज्ञापन भए वा नभएको,

(ग) बोर्डमा सूचीकृत सञ्चार माध्यम वा विज्ञापन एजेन्सी मार्फत विज्ञापन भए वा नभएको।"

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>:** मूल नियमावलीको नियम ११ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्:-

"(४) उपनियम (३) बमोजिमको अवधिमा नवीकरण नभएको विज्ञापन एजेन्सीको सूचीकरण स्वतः रद्द हुनेछ र बोर्डले त्यस्तो एजेन्सीको नाम आफ्नो अभिलेख सूचीबाट हटाउनेछ।

(५) उपनियम (४) बमोजिम सूचीबाट हटेको विज्ञापन एजेन्सीले पुनः सूचीकरण हुन चाहेमा उपनियम (१) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।"

**१२. <u>मूल नियमावलीमा नियम ११क., ११ख., र ११ग. थप</u>:** मूल नियमावलीको नियम ११ पछि देहायका नियम ११क., ११ख, र ११ग. थपिएका छन्:

**"११क. <u>विज्ञापन एजेन्सी मार्फत कारोबार</u>:** (१) सरकारी निकायले लोक कल्याणकारी विज्ञापन वा सूचना बाहेकका अन्य विज्ञापन वा सूचनाको प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनको लागि विज्ञापन एजेन्सी मार्फत कारोबार गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम विज्ञापन एजेन्सी मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नु पर्नेछ।

(३) बोर्डले यस नियमावली बमोजिम सूचीकृत विज्ञापन एजेन्सीको नामावली नियमित रूपमा अद्यावधिक गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**११ख.** **कारोबार रोक्का राख्न सक्ने**: (१) कुनै विज्ञापनदाता, सञ्चार माध्यम वा विज्ञापन एजेन्सीले ऐन, यस नियमावली वा अन्य प्रचलित कानून बमोजिम विज्ञापनको उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिताको पालना नगरेमा त्यस्तो सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई बोर्डले निश्चित अवधि किटान गरी त्यस्तो अवधिसम्म विज्ञापन वा सूचना दिन वा लिन वा विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी कार्य गर्न रोक लगाउन सक्नेछ।

(२) बोर्डले उपनियम (१) बमोजिम रोक लगाएको विज्ञापनदाता, सञ्चार माध्यम वा विज्ञापन एजेन्सीको विवरण सार्वजनिक गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम बोर्डले कारोबार गर्न रोक लगाएको विज्ञापनदाता, सञ्चार माध्यम वा विज्ञापन एजेन्सीसँग कुनै पनि विज्ञापनदाताले कारोबार गर्न वा गराउनु हुँदैन।

**११ग.** **विदेशी कार्यक्रममा विज्ञापन प्रसारण गर्न स्वीकृति लिनुपर्ने**: नेपालमा दर्ता भएको टेलिभिजन संस्थाले कुनै विदेशी सङ्घ, संस्था वा टेलिभिजनबाट प्रसारणको अधिकार प्राप्त गरी अन्तर्राष्ट्रिय महत्त्वका कुनै कार्यक्रम वा खेलकुद सम्बन्धी सामग्री प्रसारण गर्दा त्यस्तो कार्यक्रममा नेपाली विज्ञापन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले बोर्डले निर्धारण गरेको दस्तुर बुझाई स्वीकृति लिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१३.** **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>**: मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"**१३.** **<u>बोर्डको कोष तथा खाता सञ्चालन</u>**: (१) ऐनको दफा २१ को उपदफा (२) मा उल्लिखित रकमको अतिरिक्त बोर्डको कोषमा देहायको रकम समेत जम्मा हुनेछः-

(क) विज्ञापन एजेन्सीको दर्ता वा नवीकरण बापत प्राप्त हुने रकम,

(ख) ऐनको दफा ३२ बमोजिम सरकारी निकायबाट हुने विज्ञापन बापत खर्च हुने रकमको तीन प्रतिशतले हुन आउने रकम,

(ग) अन्य स्रोतबाट बोर्डलाई प्राप्त हुने रकम।

(२) बोर्डको खाता अध्यक्ष वा निजले तोकेको बोर्डको वरिष्ठ अधिकृत र बोर्डको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(३) मन्त्रालयले आवश्यक देखेमा जुनसुकै समयमा कुनै कर्मचारी खटाई बोर्डको लेखा, हिसाबकिताब वा स्रेस्ताको निरीक्षण वा परीक्षण गर्न लगाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निरीक्षण वा परीक्षण गर्ने कर्मचारीले सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनबाट बोर्डको कोष, लेखा, स्रेस्तामा कुनै किसिमको कैफियत देखिएमा मन्त्रालयले त्यसलाई सुधार गर्न बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।"

**आज्ञाले,**

**कृष्ण बहादुर राउत**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार